आज मिति २०७७।०५।२८ गते जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी श्री जीवन प्रसाद आचार्यको संयोजकत्वमा देहायका पदाधिकारीको उपस्थितिमा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले देहाय बमोजिम निर्णय गरियो।

१. जिल्लामा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि निम्न बमोजिम गर्ने।

क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट अस्पताल नभएका प्रत्येक स्थानिय तहमा कम्तिमा ५ बेडको अस्पताल सन्चालन गर्न **"कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोषबाट"** १० लाखका दरले रकम समेत निकासा भएको हुँदा मन्त्रालयले जारी गरेको **"स्थानीय तहमा कोभिड-१९ अस्थायी अस्पताल सन्चालन सम्वन्धी मार्गदर्शन-२०७७"** बमोजिम कोषबाट प्राप्त रकमबाट ५ बेड र पालिकाले आफ्नै स्रोतबाट आवश्यकता र सम्भाव्यताका आधारमा उक्त अस्पतालले कम्तिमा २० बेड क्षमताको आइसोलेसन समेत सञ्चालनमा ल्याउन अनुरोध गर्ने।

ख) चैनपुर क्षेत्रका ४ नगरपालिकाहरुले १०० बेड क्षमताको आइसोलेसन व्यवस्थापन तथा सञ्चालन गर्ने सन्दर्भमा **"सयुक्त आइसोलेसन सञ्चालन तथा व्यवस्थापन कोष"** खडा गरी निर्माण कार्य अन्तिम चरणमा पुर्याई सकेको। हाल हिमालय किरण पब्लिक क्याम्पसमा आइसोलेसन केन्द्र सञ्चालनमा आई रहेकोमा उक्त आइसोलेसनलाई स्थानान्तरण गर्न वैकल्पिक स्थान र स्रोतको खोजि कार्य भई रहेको हुँदा अर्को व्यवस्था नभएसम्म हाललाई सोही क्याम्पसमा चालु अवस्थामा राख्ने। खाँदबारी क्षेत्रका १ नगरपालिका र ५ गाउँपालिकाहरुलाई **"सयुक्त आइसोलेसन सञ्चालन तथा व्यवस्थापन कोष"** खडा गरी खाँदबारीमा कम्तिमा पनि १०० बेड क्षमताको आइसोलेसन सञ्चालन गर्न अनुरोध गर्ने।

ग) कोरोना संक्रमणको कारणबाट कुनै पनि व्यक्तिको मृत्यु भएमा मृतकको शव सम्बन्धित पालिकाहरुले तोकेको स्थानमा नेपाली सेनाले व्यवस्थापन गर्ने भन्ने उल्लेख भए बमोजिम चैनपुर क्षेत्रको आइसोलेसन सेन्टरको लागि अरुण र पिलुवा दोभान क्षेत्रमा तोकी आएको हुँदा खाँदबारी क्षेत्रको लागि शिघ्र स्थान तोकी दिन खाँदबारी नगरपालिकालाई अनुरोध गर्ने।

घ) प्रत्येक पालिकाहरुले कोभिड-१९ संक्रमित खोज पड्ताल तथा सम्पर्क सहिचान मार्ग दर्शन बमोजिम जनस्वास्थ्य अधिकृतको संयोजकत्वमा CICT टिम गठन गरी खोज पड्ताल एवं ट्रेसिङ्गको कार्यलाई तिव्रता दिने। त्यसै गरी वडाध्यक्षको संयोजकत्वमा हुने CPG टिम गठन गरी होम क्वारेन्टाइनमा बसे नबसेको लगायतका कार्यहरुको अनुगमन गर्ने व्यवस्था मिलाउन सबै पालिकाहरुलाई अनुरोध गर्ने।

ङ) नेपालीहरुको दशै लगायतका चाडपर्वहरु नजिकिदै गरेको सन्दर्भमा देश बाहिर भारत तथा तेस्रो मुलुकबाट र देशभित्रै काठमाण्डौं लगायतका तराइका हट स्पोट भनेर चिनिएका सुनसरी, मोरङ र झापा जिल्लाहरुबाट समेत ठुलो संख्यामा मानिसहरुको आवत जावत हुने संभावनालाई मध्यनजर गर्दै त्यस्ता स्थानबाट आउने मानिसहरुको सन्दर्भमा निम्न बमोजिम गर्ने।

- चाडपर्वको अवसरमा घर आउने वा अत्यावश्यक काम परी जिल्ला भित्रनेहरुलाई सकभर पि.सि.आर परीक्षण गैरर मात्र आउन प्रेरित गर्ने।
- पि.सि.आर. टेष्टको अनुकुलता नहुनेलाई क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने।
- चाडपर्वलाई लक्ष गरेर जिल्ला भित्रने व्यक्तिहरुलाई माया दोभान पिलुवा र बरुण बहुमुखी क्याम्पस खाँदबारीमा रहेको संस्थागत क्वारेन्टाइनले मात्र धान्न नसक्ने हुँदा प्रत्येक पालिकाहरुले आफ्नो पालिकामा आउन सक्ने नागरिकहरुको अनुमान गरी सोही बमोजिम पालिकागत क्वारेन्टाइनको व्यवस्था मिलाउने।

२. विपद्

**क) पूर्ण क्षतिको विवरण संकलन सम्बन्धमा ।**

गृह मन्त्रालय विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाको च.नं. ३१ मिति २०७७।४।१४ र च.नं. ६१ मिति २०७७।५।१८ को पत्रहरु बैठकमा जानकारी गरियो । उक्त पत्रहरुबाट माग भए बमोजिम यस वर्षको मनसुनको अवधिमा समग्र घर (आवास) को पूर्ण क्षति भई नयाँ घर निर्माण गर्नुपर्ने र अर्को स्थानमा बस्ने आवास नभई स्थानान्तरण गर्नुपर्नेहरुलाई विपद् पीडित उद्धार राहत मापदण्ड, २०७७ बमोजिम मनसुनका कारण पूर्ण रुपमा क्षति भएका व्यक्तिगत आवास पुनः निर्माण कार्य २०७२ सालको भुकम्प पीडितले पाए सरहको सुविधा प्रदान गरी सोही विधि र प्रक्रिया बमोजिम शहरी विकास मन्त्रालयले गर्ने भनिएको सन्दर्भमा सम्बन्धित पालिकाहरुबाट खुली आएको निम्नानुसारको विवरणलाई सिफारिस साथ गृह मन्त्रालयमा पठाउने, भौगोलिक विकटता, सञ्चार सम्पर्कको कठीनाईका कारण पालिकाहरुबाट थप विवरण प्राप्त भए पछि सोही बमोजिम थप सिफारिस गरी पठाउने निर्णय गरियो ।

| सि.नं. | पालिकाको नाम | पूर्ण रुपमा क्षति भएका र अन्यत्र आवास नभएको भनी खुली आएको घरधुरी विवरण | कैफियत |
|---|---|---|---|
| १. | खाँदबारी नगरपालिका | १४ घर परिवार | |
| २. | चैनपुर नगरपालिका | ३ घर परिवार | |
| ३. | मादी नगरपालिका | ६ घर परिवार | |
| ४. | पाँचखपन नगरपालिका | १० घर परिवार | |
| ५. | सिलिचोङ गाउँपालिका | १३६ घर परिवार | |

**ख) वेपत्ताका परिवारलाई राहत सम्बन्धमा ।**

गृह मन्त्रालय विपद् पूर्व तयारी तथा प्रतिकार्य शाखा राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रको च.नं. ३२ मिति २०७७।५।१८ को वेपत्ताका परिवारलाई राहत सम्बन्धी पत्र बैठकमा जानकारी गरियो । **"हाल वेपत्ता (विपद्का घटनाबाट मात्र) भएका व्यक्ति पछि मृतक प्रमाणित भएमा पुनः सो मृतकका नाममा प्राप्त गर्न नपाउने सुनिश्चित गरी हाल मृतकका परिवारले पाए सरहको राहत उपलब्ध गराउने र अरु प्रकृया विपद् पीडित उद्धार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड,२०७७ बमोजिम हुने"** भनी निर्णय भई आएको सन्दर्भमा यस जिल्लाको सिलिचोङ गाउँपालिका वडा नं.१ बेसिन्दामा मिति २०७७।३।२८ गतेका दिन गएको पहिरोबाट मृतक तथा वेपत्ता भएका निम्न व्यक्तिहरुका नजिकका परिवारलाई मापदण्ड बमोजिम राहत वितरण गर्ने ।

**अ) बेपत्ताः**

| सि.नं. | बेपत्ता भएका व्यक्तिको नाम थरउमेर , | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | बर्ष ४५ की उत्तर कुमारी राई | सिलिचोङ गाउँपालिका वडा नं.१ | |
| २ | बर्ष ७० की नजमाया राई | सिलिचोङ गाउँपालिका वडा नं.१ | |
| ३ | वर्ष ५५ कि हस्तकुमारी राई | सिलिचोङ गाउँपालिका वडा नं.१ | |
| ४ | वर्ष २१ की एन्जिला राई | सिलिचोङ गाउँपालिका वडा नं.१ | |
| ५ | वर्ष ११ की नम्रता राई | सिलिचोङ गाउँपालिका वडा नं.१ | |
| ६ | वर्ष ६५ की गोरीमाया राई | सिलिचोङ गाउँपालिका वडा नं.१ | |
| ७ | वर्ष २२ की प्रकृती राई | सिलिचोङ गाउँपालिका वडा नं.१ | |
| ८ | वर्ष ५२ को जुद्ध बहादुर राई (माने) | सिलिचोङ गाउँपालिका वडा नं.१ | |
| ९ | वर्ष ८४ को हर्कराज राई | सिलिचोङ गाउँपालिका वडा नं.१ | |
| १० | वर्ष ८२ की आइतमाया राई | सिलिचोङ गाउँपालिका वडा नं.१ | |
| ११ | वर्ष ६० को राममान राई | सिलिचोङ गाउँपालिका वडा नं.१ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
संखुवासभा ।

**आ) पहिरोमा परी मृत्यु हुने:**

| सि.नं. | मृतकको नाम थरउमेर , | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | वर्ष २८ को मदन भन्ने प्रशान्त राई | सिलिचोङ गाउँपालिका वडा नं.१ | |

**ग) अध्ययन टोलीको लागि सिफारिस गरी पठाउने सम्बन्धमा ।**

गृह मन्त्रालय विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाको च.नं. ७१ मिति २०७७।५।२५ को प्रतिनिधि सभा सदस्य माननीय राजेन्द्र प्रसाद गौतमले सिलिचोङ गाउँपालिकाको केही वस्ती जोखिममा परेकोले भौगर्भिक अध्ययन टोली पठाई दिन हुन साथै पहिरो पीडितको आवास निर्माणमा आवश्यक पहल गरिदिन भनी गृह मन्त्रालयमा पेश गरेको निवेदनको सन्दर्भमा मन्त्रालयबाट उक्त गाउँपालिका जोखिमयुक्त क्षेत्र भए/नभएको सन्दर्भमा खुलाई पठाउन लेखी आएको । सो सम्बन्धमा मिति २०७७।३।२८ गते सिलिचोङ गाउँपालिका वडा नं.१ बेसिन्दामा गएको पहिरोबाट १ जनाको मृत्यु, ११ जना बेपत्ता र ८६ घर विस्थापित भएको । सोही वडाको चेप्चेवा लगायतका वस्तीहरु गरी करिब १३८ घर जोखिममा रहेको । विगत वर्षहरुमा समेत सिलिचोङ गाउँपालिकामा पटक-पटक पहिरो गई मानवीय क्षति भएको र वस्तीहरुसमेत जोखिममा रहेको सन्दर्भमा उक्त सिलिंचोङ गाउँपालिका क्षेत्रमा भौगर्भिक अध्ययन गरी उपयुक्त स्थान छनौट गर्ने र आवासहरु निर्माण गरी जोखिममा रहेका वस्तीहरुलाई स्थानान्तरण गर्न आवश्यक देखिएको हुँदा गृह मन्त्रालयमा भौगर्भिक अध्ययन टोली पठाई दिने व्यवस्थाका लागि सिफारिस गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा